भारतीय राजदूतावास

काठमाडौँ

**प्रेस विज्ञप्ति**

भारतीय सेनाका प्रमुख जनरल धीरज सेठ, पीभीएसएम, युवाईएसएम, एभीएसएम नेपालको औपचारिक भ्रमणका लागि काठमाडौँ आइपुग्नुभयो

भारतीय सेनाका प्रमुख जनरल धीरज सेठ, पीभीएसएम, युवाईएसएम, एभीएसएम नेपालको औपचारिक भ्रमणका लागि काठमाडौँ आइपुग्नुभएको छ। यस भ्रमणले भारत र नेपालबीचको लामो समयदेखिको तथा विशिष्ट रक्षा साझेदारीमा अर्को महत्त्वपूर्ण कोशेढुङ्गा थपेको छ। यो भ्रमण दुई देशबीच एकअर्काको सेना प्रमुखलाई मानार्थ महारथीको दर्ज्यानी चिन्ह प्रदान गर्ने अद्वितीय र समयले परीक्षण गरेको परम्परालाई सम्मान गर्न हो । यस्तो अभ्यास जुन भारत र नेपालले साझा गर्ने असाधारण सैन्य सम्बन्धको प्रतीक हो। काठमाडौँ आइपुग्नुभएपछि जनरल धीरज सेठलाई नेपाली सेनाका वरिष्ठ अधिकारीहरू तथा काठमाडौँस्थित भारतीय राजदूतावासका प्रतिनिधिहरूले न्यानो स्वागत गर्नुभएको थियो ।

सेना प्रमुखले नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवसँग फलदायी छलफल गर्नुभयो। यस भ्रमणले बहुआयामिक भारत-नेपाल सम्बन्धलाई थप सुदृढ बनाउने र रक्षा तथा सुरक्षाका विविध क्षेत्रहरूमा सहकार्यलाई प्रगाढ बनाउने अपेक्षा गरिएको छ।

काठमाडौँ

२०८३ श्रावण ३१